"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
प्रदेश नं. ३, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०७५/०७६

चलानी नं. : ०५

मिति : २०७५/०४/०१

# प्रेस नोट

यस नमोबुद्ध नगर कार्यपालिकाको मिति २०७५/०४/०१ गतेको निर्णय अनुसार नगर भित्र रहेका कुनैपनि ईंटाभट्टा दर्ता, नविकरण र सञ्चालन गर्न नदिने पूर्ववत निर्णयहरु समेतलाई मिति २०७५/०१/१३ गतेको दोस्रो नगर सभाबाट अनुमोदन भई सकेको र उद्योग, वाणीज्य तथा आपुर्ती मन्त्रालयको मिति २०७५/०२/१४ को माननीय मन्त्रीस्तरको निर्णय समेतको आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकारको प्रयोग गरी आ.व. २०७५/०७६ को श्रावण १ गतेदेखि लागु हुनेगरी ईटा उद्योगहरुको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धमा यस नगरपालिकाबाट हालसम्म जारी भएका सम्पूर्ण सिफारिसहरु, प्रमाण-पत्रहरु र सो अनुसार आ.व. २०७४/०७५ को राजश्व संकलनमा प्रयोग भएको नगदी रसिदको नोट महलमा उल्लेखित व्यहोरा समेत आजकै मितिदेखि लागु हुने गरी खारेज गरिएको छ । साथै मिति २०७५/०३/२७ गते सम्पन्न तेस्रो नगर सभाबाट स्वीकृत आर्थिक ऐन, २०७५ मा ईंटाभट्टा सम्बन्धि कुनै पनि करको दररेट उल्लेख नभएको हुँदा चालु आ.व. २०७५/०७६ का लागि ईंटा उद्योग व्यवसायहरुको नविकरण तथा दर्ता सम्बन्धि कुनैपनि कर नलिने व्यहोरा अवगत गराउँदै आजकै मितिबाट उद्योग व्यवसाय सञ्चालन नगर्ने/नगराउन सम्बन्धित उद्योगी व्यवसायीहरुलाई पत्राचार गरिसकिएको हुँदा सोहि बमोजिम गर्न/गराउन यो सूचना जारी गरिएको छ । यस निर्णयलाई अवज्ञा गरी उद्योग व्यवसाय सञ्चालन गरेमा त्यसको सम्पूर्ण जिम्मेवारी स्वयं उद्योगी व्यवसायीहरु नै हुने व्यहोरा जानकारी गराइन्छ ।

२०७५/४/

टंक प्रसाद शर्मा
नगर प्रमुख
नमोबुद्ध नगरपालिका

टंक प्रसाद शर्मा
नगर प्रमुख